आज मिति २०७७/०१/२८ गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री उमेश कुमार ढकालज्यूको अध्यक्षतामा District Covid-19 Crisis Management Center (DCCMC) को बैठक बसि देहायको उपस्थितिमा देहाय अनुसार गर्ने निर्णय गरियो ।

उपस्थिति:

सल्लाहकार :

| सि.नं. | नाम थर | पद | कार्यालय | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १. | कृष्णगोपाल तामाङ | प्रमुख | जिल्ला समन्वय समिति | ९८५१०८७४१० | |
| २. | अमान सिं तामाङ | प्रमुख | चौतारा साँगाचोकगढी नगरपालिका | ९७५१२५४४२४ | |

समिति:

| सि.नं. | नाम थर | पद | कार्यालय | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १ | उमेश कुमार ढकाल | प्र.जि.अ/संयोजक | जिल्ला प्रशासन कार्यालय | ९८५१२५७७७७ | |
| २ | सुशील महत | प्र.से | गोरख बक्स गण | ९८५७८३३३४७ | |
| ३ | प्रज्वल महर्जन | प्र.उ | जिल्ला प्रहरी कार्यालय | ९८५१२५५५५५ | |
| ४ | बाबुराम खनाल | स.प्र.जि.अ | जिल्ला प्रशासन कार्यालय | ९८५१२४३०८४ | |
| ५ | सुरेन्द्र बुढाथोकी | स.प्र.ना.उ | सशस्त्र प्रहरी बल नेपाल | ९८५१२५३५८३ | |
| ६ | अरुण कार्की | प्र.अ.अ | राष्ट्रिय अनुसन्धान जि.का | ९८४१७०६२२१ | |
| ७ | बुद्ध कुमार श्रेष्ठ | नि.जि.स.अ | जिल्ला समन्वय समिति | ९८४१३०८२४८ | |
| ८ | दुर्गादत्त चापागाई | ब.ज.स्वा.अ | स्वास्थ्य कार्यालय | ९८५१२०१०२६ | |
| ९ | डा.अमित प्रजापति | नि.मे.सु | चौतारा अस्पताल | ९८६५०६८२४६ | |

निर्णयहरु :

(क) नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७७/०१/२४ को निर्णय कार्यान्वयन गर्ने सन्दर्भमा बागमती प्रदेशको PCCMC को निर्देशन समेतको आधारमा देहाय अनुसार गर्ने गराउने निर्णय गरियो ।

१. लकडाउनको अवधी हाललाई मिति २०७७ साल जेष्ठ ५ गते सोमबार मध्यरात सम्मका लागि निरन्तरता दिन यस अघि निर्णय भई सूचना जारी भई सकेको हुँदा लकडाउनलाई कडाईसँग कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

२. मित्रराष्ट्र चीनसँग सीमाना जोडिएको यस जिल्लाको तातोपानी नाकामा यात्रु आवतजावत बन्द रहेको र एकतर्फी रुपमा चीनतर्फवाट सामग्रीहरु आयात भईरहेको हुँदा संक्रमण फैलन नदिन स्वास्थ्य सतर्कता यथावतरुपमा अपनाउने ।

३. कृषि तथा पशुपंक्षीजन्य विषय, स्वास्थ्य सेवा सम्वन्धी विषय, पाठ्यपुस्तक सम्वन्धि विषयहरु विकास आयोजना सञ्चालन सम्वन्धी विषय, सार्वजनिक सेवा सञ्चालन सम्वन्धी विषय, उद्योग सञ्चालन एवं औद्योगिक उत्पादन सम्वन्धी विषय, राजमार्गका होटल तथा रेष्टुरेन्ट सम्वन्धी विषयलाई सञ्चालन एवं सहजीकरण गर्ने सम्वन्धमा PCCMC को निर्णय समेत विचार गर्दा देहाय बमोजिम गरी मन्त्रीपरिषद्को निर्णयलाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

क) उद्योगी/व्यवसायीले व्यवसाय सञ्चालन गर्दा देहाय अनुसार गर्ने गराउने र सो को लागि सम्बन्धित उद्योगहरुले स्थानीय तहमा निवेदन दिई आवश्यक अनुमति लिई सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

१. उद्योग व्यवसाय सञ्चालन गर्न पुर्व सम्बन्धितले स्थानीय तहमा विवरण सहित निवेदन दिनुपर्ने ।
२. कर्मचारी, कामदारलाई परिचयपत्र उद्योगले दिने ।
३. मास्क, स्यानिटाईजर, साबुनपानीको व्यवस्था गर्ने ।
४. कर्मचारी कामदारको बसोबासको व्यवस्था सम्बन्धित उद्योग परिसरभित्रै वा सुरक्षित ठाँउमा गर्ने व्यवस्था मिलाउनु पर्ने ।
५. सामाजिक दुरी कायम गर्नुपर्ने ।
६. स्थानीय श्रमशक्तिको उपयोगमा प्राथमिकता दिने ।
७. कुनै व्यक्ति बिरामी भएमा सो को उपचारको व्यवस्था सम्बन्धित उद्योगले मिलाउने ।
८. संक्रमित क्षेत्रबाट आउने/जोखिमयुक्त ठाँउबाट आएका व्यक्तिहरुलाई अनिवार्यरुपमा १५ दिनसम्म क्वारेन्टिनमा राखेर मात्र कार्य गर्न अनुमति दिने ।

ख) कृषि तथा पशुपंक्षिजन्य कार्यहरु सञ्चालनका लागि सवारी पास नचाहिने ।

ग) स्वास्थ्य सेवा सम्वन्धी विषयहरुका लागि सवारी पास नचाहिने ।

घ) पाठ्यपुस्तक ढुवानीका सम्वन्धमा जनक शिक्षा सामग्री केन्द्रबाट अनुमति छ, छैन हेर्ने । अन्य पाठ्यपुस्तक र स्टेशनरीको हकमा ढुवानी कार्ययोजना बनाई जिल्ला प्रशासन कार्यालयबाट पास लिन सक्ने ।

ङ) तातोपानी भन्सारबाट निसंक्रमित गर्ने कार्यहरु भईरहेको छ । यस जिल्लाका उद्योगबाट बिक्री भई ढुवानी हुने वस्तुको ढुवानी गर्ने सवारी साधनहरुलाई निसंक्रमित गर्ने काम सम्बन्धित उद्योगले आवश्यक औजार राखी आवश्यक व्यवस्था मिलाउनु पर्ने ।

च) विकास आयोजनाहरु र सरकारी वा निजी निर्माणका कार्यका लागि यस अघि स्वास्थ्य सम्वन्धि प्रोटोकल पालना गरि ढुवानी कार्ययोजना अनुरुप सवारी पास जारी हुँदै आएकोमा अवदेखि निर्माण सामग्री ढुवानीमा सवारी पास आवश्यक नपर्ने भएकोले स्वास्थ्य सम्वन्धी प्रोटोकल पालना गर्ने सम्वन्धी प्रतिवद्धता स्थानीय तहका कार्यालयहरुमा गर्ने व्यवस्था मिलाउने । सो को लागि सम्वन्धित आयोजनाहरु र निर्माण कम्पनीहरु र स्थानीय तहहरुलाई जानकारी गराउने । यस अघि तयार गरिएको स्वास्थ्य सम्वन्धी प्रोटोकललाई Update गरी कार्यान्वयन गर्ने र सो को अनुगमन विकास निर्माण उपसमितिले गर्ने ।

छ) बैकिङ सेवा, वित्तिय सेवा, सहकारी सेवाहरु एकतिहाई कर्मचारीद्धारा सञ्चालन गर्न निर्देशन दिने ।

ज) औद्योगिक उत्पादन/उद्योग सञ्चालनका सन्दर्भमा मन्त्रीपरिषद्को निर्णय बमोजिम कार्यान्वयन गर्न माथिको निर्णय नं ३ अनुरुप स्थानीय तहहरुसँग समन्वय गरी सञ्चालन गर्ने ।

झ) राजमार्ग तथा सहायक राजमार्गका होटल तथा रेष्टुरेन्टबाट खानाको प्याकेट बिक्री गर्ने र सो का लागि समय र स्थान तोक्ने विषयमा उद्योग वाणिज्य संघ र होटल संघसँग छलफल गरि अर्को बैठकमा निर्णय गर्ने ।

४. देहायका क्रियाकलापहरु सञ्चालन गर्न पाईने छैन ।

क) विश्वविद्यालय, क्याम्पस, विद्यालय लगायत सवै प्रकारका शैक्षिक संस्था, तालिम तथा प्रशिक्षण केन्द्रहरु ।

ख) गैरखाद्य वस्तु बिक्री गर्ने व्यवसायिक मल, सिनेमा हल, पार्टीप्यालेस, फनपार्क लगायतका सार्वजनिक स्थलहरु ।

ग) सार्वजनिक जमघट, धार्मिक स्थलहरु(मन्दिर, गुम्बा, मस्जिद, चर्च, गुरुद्धार आदि ) मा हुने भेला एवं धार्मिक तथा सांस्कृतिक कार्यक्रमहरु ।

घ) रंगशाला, खेलकुद स्थल, फुटसल, शारिरीक सुगठन गर्ने स्थल तथा जिमखाना, फिटनेश सेन्टर, शैलुन, ब्युटिपार्लरहरु ।

ङ) होटल, बार, रेष्टुरेन्टहरु ।

च) स्थानीय प्रशासनबाट सवारी पास पाएका बाहेक सबै प्रकारका यात्रुवाहक सवारी साधनहरु ।

छ) १२ वर्षमुनिका बालबालिका, अशक्त भएका व्यक्ति, बिरामी, ७० वर्ष पुरा भएका ज्येष्ठ नागरिक र गर्भवती महिलाहरुको आवतजावत तथा हिडडुलका गतिविधिहरु ।

५. संक्रमण फैलन नदिन देहायका विषयहरुमा सजकता अपनाउन र कार्यान्वयन गर्न सबैमा अनुरोध गर्ने ।

क) झुटा विवरण दिई यात्रा गरेको पाईएमा सवारी साधन नियन्त्रणमा लिई कारवाही गरिनेछ।

ख) एम्बुलेन्स दुरुपयोग गर्नेलाई कारवाही गरिनेछ ।

ग) अत्यावश्यक कामका लागि दिईने सवारी साधनको पास न्यूनतम संख्यामा जारी गरिनेछ ।अन्यत्र जिल्लाका लागि यस जिल्लाबाट पास जारी गरिने छैन ।

घ) सामाजिक दुरी कायम गराउने

ङ) अनिवार्य रुपमा मास्क प्रयोग गर्ने

च) तापक्रम मापन गर्ने

छ) स्यानिटाईजर, ग्लोब्सहरुको प्रयोग गर्ने

ज) विद्युतिय माध्यमबाट भुक्तानी गर्ने

झ) नगद कारोबार गर्दा खुद्रा पैसाको लेनदेन कम हुने गरि गर्ने

ञ) उद्योग, निर्माण वा अन्य क्षेत्रमा काम गर्ने ठाउँमा ५ जना भन्दा बढी व्यक्ति जम्मा नहुने व्यवस्था मिलाउने ।

६. जिल्ला विपद् व्यवस्थापन समितिमा प्राप्त हुन आएको ५० थान PPE गाउन र मास्क मध्ये नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान र स्वास्थ्य कार्यालयलाई १०-१० थान PPE गाउन तथा १०-१० वटा मास्क वितरण गर्ने र बाँकी १० वटा PPE गाउन जिल्ला प्रशासन कार्यालय र राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयका सुरक्षाकर्मीहरुले प्रयोग गर्ने ।

७. २०७७/०२/०१ गते ९:०० एम्बुलेन्स चालक, प्रमुख प्रशासकीय अधिकृत र स्थानीय तहका स्वास्थ्य शाखा प्रमुखहरुलाई PPE प्रयोग गर्ने तरिकाको Demonstration र एम्बुलेन्स GPS Tracking System सम्वन्धी छलफल गर्न चौतारा स्थित टुँडिखेलमा उपस्थित हुन निर्देशन दिने निर्णय गरियो ।